# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र


खण्डः ५ संख्याः ३८ कार्यपालिकाबाट पारित मितिः २०७९।१०।१६

प्रमाणिकरणः२०७९।१०।१७

प्रकाशन मितिः २०७९।१०।१८


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत सहकारी संघ संचालन कार्यविधि २०७९

प्रस्तावना :

अन्तर्राष्ट्रिय सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूका आधारमा सदस्यहरूमा छरिएर रहेको श्रोत, साधन र उत्पादनलाई एकीकृत गरी सदस्यहरूका निर्वाचित प्रतिनिधिद्वारा संचालित एवं प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यमद्वारा सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको लागि **यस ठाकुरबाबा नगरपालिका भित्र विशिष्टीकृत स**हकारी संघको गठन गरी संचालन गर्न आवश्यक भएकोले, ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस विनियमको नाम **"ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत सहकारी संघ संचालन कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति प्रारम्भ हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत सहकारी संघ संचालन कार्यविधि २०७९

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) **"प्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

ख) **"उपप्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

ग) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(घ) **"दर्ता अधिकारी"** भन्नाले नगरपालिकामा सहकारी संघ संस्था दर्ता खारेजी, नियमन, प्रवर्द्धनका लागि अधिकार प्राप्त अधिकारी वा कर्मचारी सम्झनु पर्दछ।

(ङ) "विनियम" भन्नाले **विशिष्टीकृत** सहकारी संघ संचालन गर्न बनेको विनियम सम्झनु पर्दछ।

(च) "संघ**"** भन्नाले **विशिष्टीकृत** सहकारी संघलाई सम्झनु पर्दछ।

(ज) **"संस्था"** ठाकुरबाबा नगरपालिकाभित्र संचालनमा रहेका प्रारम्भिक सहकारी संस्थाहरूलाई सम्झनु पर्दछ।

(झ) "सदस्य" भन्नाले संस्थाको शेयर खरीद गरी सदस्यको दायित्व निर्वाह गर्न तयार सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ। सो शब्दले संघको सदस्यलाई समेत जनाउने छ।

(ञ) "समिति" भन्नाले संघको संचालक समितिलाई सम्झनु पर्दछ।

(ट) "संचालक" भन्नाले गठित समितिका निर्वाचित अध्यक्ष, उपाध्यक्ष एवं सदस्यहरूलाई सम्झनु पर्दछ।

(ठ) "उपसमिति" भन्नाले संघद्वारा विनियम बमोजिम कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उप–समितिलाई सम्झनु पर्दछ।

(ड) "शेयर" भन्नाले संघको शेयर पूँजीको विभाजित अंशलाई सम्झनु पर्दछ।

(ढ) "शेयर प्रमाण पत्र" भन्नाले शेयर किन्ने व्यक्तिलाई सो बापत संघबाट दिइएको निस्सालाई सम्झनु पर्दछ।

(त) "बचत परिचालन**"** भन्नाले सदस्यहरूवाट संकलन गर्ने र सदस्यहरूमा ऋण लगानी गर्ने दुवै कार्यलाई सम्झनु पर्दछ।

(थ) "बचत निक्षेप" भन्नाले सदस्यहरूले पूर्व निर्धारित दरमा ब्याजको रुपमा लाभ प्राप्त गर्ने गरी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ।

(द) "ऋण" भन्नाले निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा व्याज वापतको रकम थप समेत गरी फिर्ता वुझाउने गरी सदस्यलाई प्रदान गरेको वा संस्थाले निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा व्याज बापतको रकम समेत थप गरी फिर्ता वुझाउने गरी ऋणको रुपमा प्राप्त गरेको रकमलाई सम्झनु पर्दछ।

(ध) "आर्थिक वर्ष**"** भन्नाले प्रत्येक वर्षको श्रावण एक गते देखि आषाढ मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ।

(न) 'उपभोक्ता' भन्नाले संघको भण्डारमा सामान खरिद तथा बिक्रीकर्ता सदस्यहरू सम्झनु पर्दछ।

(द) 'अध्यक्ष' भन्नाले संघको अध्यक्ष सम्झनु पर्दछ।

(ध) 'व्यवस्थापक' भन्नाले संघको व्यवस्थापक सम्झनु पर्दछ।

ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत सहकारी संघ सञ्चालन कार्यविधि २०७९

(न) 'सहकारी सञ्जाल' भन्नाले ठाकुरबाबा नगरपालिका अर्न्तगत संचालनमा रहेका सम्पुर्ण सहकारीहरूको सञ्जाल सम्झनु पर्दछ ।

(प) 'विषयगत समुह' भन्नाले संघको उद्देश्य अनुसारका कार्य संचालन गरेका व्यवसायिक समुह वा ( एकलौटी, साझेदारी र संयुक्त पूँजी कम्पनी) व्यवसाय सम्झनु पर्दछ ।

(फ) 'सहकारी जिल्ला संघ, प्रदेश संघ, केन्द्रीय संघ' भन्नाले सहकारीहरूको जिल्ला, प्रदेश र केन्द्रीयस्तरमा नेतृत्व, प्रतिनिधित्व गर्न र सहकारीका पक्षमा पैरवी र सहकारी प्रवर्द्धनका लागि गठित निकाय सम्झनु पर्दछ ।

(ब) 'व्यवसायिक कारोबार' भन्नाले यस विशिष्टीकृत सहकारी संघले गर्ने आर्थिक तथा व्यवसायिक कारोबार सम्झनु पर्दछ ।

३. उद्देश्य :

सहकारीबिच सहकारिता भन्ने मुल नाराका साथ नगरपालिका क्षेत्रमा कार्यरत र यस नगरपालिकामा दर्ता कायम रहेका सहकारी संस्थाहरूको माध्यमबाट स्थानीय उत्पादनलाई प्रबर्द्धन, संकलन, प्रशोधन र बजारीकरणका क्रियाकलापलाई एकीकृत गरी बजारसम्म पुऱ्याउन र बजारको उत्पादन स्थानीयस्तरसम्म ल्याउने र स्थानीय किसान, उपभोक्ता र संस्था सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि विशिष्टीकृत संघको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरू रहनेछन् :

क) सहकारी मुल्य मान्यता एवं सिद्धान्तमा आधारित क्रियाकलापहरू संचालन गरी समृद्ध र न्यायपूर्ण समाज निर्माणमा योगदान पुऱ्याउने ।

ख) उत्पादक सहकारी किसान तथा उद्यमी व्यवसायीहरूको उत्पादन संकलन भण्डारण प्रशोधन र मुल्यश्रृखंलामा वृद्धि गरी एकद्वार प्रणालीबाट अनुदान र बजारीकरणको सुनिश्चितता गर्ने ।

ग) सदस्य सहकारीहरूको विषयगत क्षेत्रमा सहयोग हुने खालका व्यापारिक, उत्पादन, बजारीकरण सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने ।

घ) स्थानीय, प्रदेश, केन्द्रीयस्तरका कार्यक्रमहरूको संचालन गरी सघमा संलग्न सदस्यहरूलाई सहकारी खेती प्रणालीका माध्यामबाट किसान, उपभोक्ता र व्यवसायीहरूलाई आत्मनिर्भर, व्यवसायिक बनाउने ।

ङ.) कृषि, वन, पर्यटन, पशुपालन, स्वास्थ्य, मत्स्यपालन, कुखुरापालन जस्ता स्थानीय उत्पादनहरूको संकलन, प्रशोधन गरी स्थानीय क्षेत्र र बाह्य बजार बिचको पुलको काम गरी उत्पादन तथा सेवाहरूको बजारीकरणको व्यवस्था मिलाउने ।

च) साना साना सहकारीको सीमित पूँजीलाई समेत एकीकृत गरी ठूलो पूँजी निर्माण गरेर स्थानीय उत्पादन बजारीकरण, भण्डारण, प्रशोधन, प्याकिङ्को माध्यमबाट उपभोक्ता केन्द्रीत व्यवासयलाई प्राथमिकता दिने ।

छ) स्थानीयस्तरमा उत्पादित वस्तुलाई जिल्ला संघ, प्रदेश संघ, महासंघ र विषयगत संघहरू एवं व्यापारिक प्रतिष्ठान, उद्योग क्षेत्रसँग समन्वय गरी उचित बजार प्रवर्द्धन गर्ने ।

**४. संघको गठन तथा दर्ता सम्बन्धी व्यवस्था :** (१) संघको गठन र दर्ता देहाय बमोजिम हुनेछ :-

क) संघ कम्तीमा पाच वटा बहुउद्देश्य र विषयगत संस्थाहरु आपसमा मिलि गठन गर्न सकिनेछ ।

ख) विशिष्टीकृत सहकारी संघ यस नगरपीलकामा एउटा मात्र रहने छ ।

ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत सहकारी संघ सञ्चालन कार्यविधि २०७९

ग) यस कार्यविधि अर्न्तगत दर्ता हुने संघले दर्ताको लागि दर्ता अधिकारी समक्ष लिखित निवेदन दिनपर्ने छ। यसरी दिएको निवेदनमा आवश्यक अध्ययन र छानबिन भई भई ७ दिन भित्रमा संस्था दर्ता हुने नहुने जानकारी दिनपर्ने छ।

घ) दर्ता अधिकारीले पेश भएका कागजातहरूको अध्ययन एवम् छानबिन गरी दरखास्त परेको मितिले एक्काइस दिनभित्र संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

ङ) संघ दर्ता भएको प्रमाणपत्र प्राप्त गरेर मात्र कार्य संचालन गर्नु पर्नेछ।

(२) दर्ताका लागि देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछ :-

क) प्रस्तावित संघको विनियम,

ख) सहकारी सिद्धान्त, मान्यता र मूल्य अनुरूप सञ्चालन हुन सक्ने आधार,

ग) समुदायमा आधारित स्वयम् सदस्य केन्द्रीत भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

घ) भेलाहरूका निर्णय प्रतिलिपिहरू,

ङ) सदस्यहरूले प्रस्तावित सदस्य संस्थाको विवरण र तिनले खरिद गर्ने अनुमानित शेयर संख्या,

छ) आवश्यक अन्य कागजातहरू।

**५. कार्य क्षेत्र :**

१) किसानमा उत्पादन भएको वस्तुको कारोबारको हकमा

- सदस्य सेवाको लागि : प्रथमतः नगरपालिका कार्यक्षेत्र रहने छ।
- बस्तु बिक्री वितरणको लागि : वस्तुको बजारमाग बमोजिम नेपालभर।

(२) उपदफा (१) मा जे लेखिएको भए पनि व्यवसायिक दृष्टिकोणले सहकारी कानूनको अधीनमा रही देशका अन्य स्थानबाट वस्तु तथा सेवा खरिद गर्ने र बिक्री गर्नमा कुनै बन्देज हुने छैन।

**६. कार्यालय व्यवस्थापन :**

(१) संघको कार्य संचलान गर्नको लागि सबैलाई पायक पर्ने स्थानमा एक कार्यालय हुनेछ। संस्थाको छाप, पत्राचार गर्ने ठेगाना, सर्म्पक नं. संघ संचालन गर्न बनेको विनियम बमोजिम हुनेछ।

(२) संस्था संचालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरूको तीनपुस्ते विवरण, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र स्थानीय जग्गा जमीन वा व्यवसायीको प्रमाणपत्रको फोटोकपी कार्यालयमा अनिवार्य हुनुपर्नेछ।

## परिच्छेद – २

## सदस्यता र संचालक समितिको गठन काम, कर्तव्य र अधिकार

**७. सदस्यता :**

संघको सदस्यता देहाय बमोजिमका संस्थाहरूले प्राप्त गर्न सक्नेछन् :-

(क) नगर क्षेत्रमा संचालित सहकारी संस्थाहरू,

ठाकुरबाबा नगरपालिकाको डिजिटल सहकारी संघ संचालन कार्यविधि २०७९

(ख) संघको व्यवसायसँग सम्बन्धित व्यवसाय संचालन गरेका र नेपाल सरकार र प्रदेशको कानून बमोजिम दर्ता कायम रही नगर क्षेत्रमा कार्य संचालन गरेका सहकारी प्रकृतिका समुह वा व्यवसायिक फर्म, कम्पनीहरू ।

(ग) एक संस्था एक प्रतिनिधिको रूपमा सदस्यता हुनेछ ।

८. **सदस्यताको योग्यता :**

सदस्यता प्राप्तिको लागि देहायमा उल्लेख भए बमोजिमको योग्यता पुगेको संगठित संस्था, समूह हुनु पर्नेछ :-

(क) नेपाल सरकार वा प्रदेश सरकारको कानून बमोजिम दर्ता कायम भई संचालनमा रहेको सहकारी संस्था वा सहकारी प्रकृतिका व्यवसायिक समूह यस्ता संस्थाको सदस्यता बन्न पाउने छन् । कार्य संचालनको लागि उक्त संस्थाहरूको एक जना प्रतिनिधिले मात्र संघको संचालक समिति, लेखा समिति र अन्य उपसमितिहरूमा छनौट भई कार्य संचालन गर्ने अधिकार प्राप्त गर्नेछन् । छनौट भई आएका प्रतिनिधिहरूको सम्बन्धित संस्थामा समयावधी समाप्त भएको खण्डमा सम्बन्धित संस्थाको संचालक समितिले अर्को प्रतिनिधि तोकी पठाउनु पर्नेछ ।

(ख) नगरपालिका **भित्र कार्य संचालन गरेको, सहकारी संघ संगठनमा आबद्ध रहेको सहकारी संस्था र उद्देश्य बमोजिमको पेशा व्यवसाय वा समान प्रकृतिको व्यवसाय संचालन गरी स्थानीय समुदायमा आबद्ध रहेको समूह वा फर्म ।**

(ग) संस्थाको सेवा उपभोग गर्न चाहने र संस्थामा जिम्मेबारी बहन गर्न स्वीकार गर्ने निरन्तर सक्रिय संचालनमा रहेको संस्था वा समूह ।

(घ) संस्थाको विनियमको पालना गर्न मञ्जुर गर्ने संस्था वा समूह ।

(ङ) प्रचलित कानूनले अयोग्य नठहरिएको संस्था वा व्यवसायिक समूह ।

(च) संस्थाको स्वीकृत विनियम बमोजिम सदस्यता शुल्क बुझाएको र शेयर खरीद गरेको संस्था वा समूह ।

(छ) यस्ता सहकारी संघमा सदस्य बन्ने संस्था वा समुहले कुल शेयर पूँजीको बीस प्रतिशत नबढाई शेयर खरिद गर्न र शेयर बचत ऋणको अनुपात १:१०:१० हुने गरी सदस्यता कारोवार गर्न सक्नेछन् ।

(ज) दस्यले सहकारी वा सहकारी प्रकृतिको व्यवसायिक समूहले नेपाल सरकारले तोके बमोजिमको नियमित करचुक्ता, साधारणसभा सम्पन्न गरेको, लेखापरीक्षण गरेको र नियमानुसार संस्था सञ्चालन गरेको हुनु पर्नेछ ।

९. **संचालक समिति :**

(१) यस सहकारी संघमा संचालक समितिको कार्यकाल चार बर्षको हुनेछ। संघमा नौजना संचालकहरू रहेको एउटा संचालक समिति रहनेछ । उक्त समितिमा एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र बाँकी सदस्य रहने छन् । संचालक समितिको स्वरूप क्षेत्रगत र समावेशी हुनेछ र महिलाको सहभागिता तेत्तीस प्रतिशत अनिवार्य हुनेछ ।

(२) सदस्यहरूबाट समितिको निर्वाचन तोकिए बमोजिम प्रजातान्त्रिक प्रक्रिया अवलम्बन गर्न लगाईनेछ।

(३) एकाघर परिवारबाट एकभन्दा वढी व्यक्ति एकै अवधिमा संचालकको पदमा वहाल रहन पाउने छैनन्।

(४) संचालक समिति गठन गर्नको लागि निर्वाचन समिति गठन गर्नुपर्ने छ ।

ठाकुरबाबा नगरपालिकाको विशिष्टिकृत सहकारी संघ संचालन कार्यविधि २०७९

(५) संचालकको पदावधी समाप्त हुनु अगावै नयाँ संचालक समितिको निर्वाचन गराउने दायित्व निर्वाह नगरी पदावधि सकिएको अवधी तीन महिना पुगेको भएमा त्यस्ता संचालकहरू नयाँ बन्ने संचालक समिति र लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् । तीन महिना पछिको अवधिमा साधारण सभा बोलाउने अधिकार दर्ता अधिकारीको हुनेछ ।

(६) कुनै सदस्य संघको कार्यक्षेत्र भित्र बसोबास नगरी अन्यत्र स्थायी बसोबास गर्न पुगेमा निजको सदस्यता स्वतः अयोग्य हुनेछ ।

**१०. अनुगमन समिति :**

संघको अनुगमन गरी सल्लाह, सहयोग र नियमन गर्न देहाय बमोजिमको अनुगमन समिति गठन हुनेछ :-

(१) नगर प्रमुख वा निजले तोकेको व्यक्ति संयोजक

(२) सहकारी संजालको संयोजक सदस्य

(३) प्रमुख साझेदार संस्थाका प्रतिनिधिहरू सदस्य

(४) नगर प्रमुखले तोकेको सहकारी सम्बन्धी विषयगत र प्राविधिक ज्ञान भएको व्यक्ति एकजना सदस्य

(५) नगरपालिकाको सहकारी हेर्ने उपशाखा प्रमुख सदस्य-सचिव

**११. समितिको बैठक :**

(१) संचालक समितिको वैठक नियमित रूपमा बस्ने र समितिको दुई बैठक बीच पैतालीस दिन भन्दा बढीको अन्तर हुनेछैन ।

(२) अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि उपस्थित नभएको हकमा जेष्ठ सदस्यले अध्यक्षता गरी छलफलका विषय माथि निर्णय गर्न सकिनेछ ।

(३) समितिका एकाउन्न प्रतिशत सदस्यहरू बैठकमा उपस्थित भए बैठक संचालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिका कम्तीमा एक चौथाई सदस्यहरूले समितिको बैठक बसाल्न अध्यक्षलाई लिखित सूचना गरेमा सात दिनभित्र समितिको बैठक बसाल्न पर्नेछ ।

**१२. संघको काम, कर्तव्य र अधिकार :**

आम उपभोक्ता र सदस्यहरूको हितलाई ध्यानमा राखी संघको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :-

(क) संघ र सदस्य संस्थाको समग्र व्यवस्थापन गर्ने,

(ख) निर्धारित मापदण्डका आधारमा सदस्यता विस्तार गर्ने वा खारेज गर्ने,

(ग) संघको स्वीकृत विनियम एवं अनुदान र ऋण परिचालन निर्देशिकाको अधीनमा रही सहकारी बैंक वा अन्य सरोकारवाला संघ संस्थाबाट ऋण लिने र सो मार्फत् सदस्य संस्थाहरूलाई ऋण र अनुदान उपलब्ध गराउने,

(घ) विषयगत उपसमितिहरूको गठन र विघटन र कार्य विभाजन गर्ने,

ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत सहकारी संघ संचालन कार्यविधि २०७९

(ङ) स्थानीय उत्पादनका आधारमा व्यवसाय प्रवर्द्धन गर्नको लागि शीत भण्डार संचालन, कृषि उपज खरिद बिक्री संकलन केन्द्र, सहकारी मार्ट पसल वा सहकारी पसल संचालन, कृषि उद्योग स्थापना गर्ने व्यवस्थाका लागि भवन जग्गा खरीद बिक्री गर्ने, भाडामा लिने,

(च) संघ संचालन सम्बन्धमा आवश्यक सम्पूर्ण कानूनी कार्यहरू गर्ने र आवश्यकता अनुसार कानूनी सेवा लिने सम्बन्धी निर्णय गर्ने,

(छ) स्थानीय उत्पादनको खरिद, बिक्री, भण्डारण र वितरणको व्यवस्था मिलाउने,

(ज) तीनै तहका सरकार र विभिन्न दातृ निकायहरूसँग विषयगत सम्झौता गरी कार्यक्रम संचालन गर्ने,

(झ) अनुदान प्राप्तिका लागि प्रस्ताव पेश गर्ने, अनुदान ग्रहण गर्ने र अनुदानको सदुपयोग गर्ने,

(ञ) तोकिएको उद्देश्य बमोजिमको अन्य गतिविधि गर्ने गराउने,

(ट) सहकारी कानून बमोजिम सहकारी संघ र महासंघको सदस्यता लिने, नेतृत्व, प्रतिनिधित्व गर्ने गराउने,

(ठ) साधारण सभाले अधिकार प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्यहरू ।

**१३. लेखा समिति :**

(१) साधारण सभाद्वारा निर्वाचनको प्रक्रियाबाट एकजना संयोजक, दुईजना सदस्य भएको तीन सदस्यीय लेखा समितिको गठन हुनेछ ।

(२) लेखा समितिको बैठक कम्तीमा वर्षको चार पटक बस्नेछ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ ।

(३) लेखा समितिको काम कर्तव्य र अधिकार संघको विनियममा तोके बमोजिम हुनेछ ।

## परिच्छेद -३

## वित्तीय व्यवस्था

**१४. संघले राख्नु पर्ने बहीखाता एवं दर्ता किताब :**

संघले देहाय वमोजिमको बही खाता तथा दर्ता किताब राख्नेछः-

(क) सदस्य दर्ता किताब,

(ख) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा समिति र उपसमितिहरूको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरू ,

(ग) नगद बहीखाता ,

(घ) संघले अरु कुनै व्यक्ति वा संघ संस्थासँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने किताब,

(ङ) शेयर दर्ता किताब,

(च) ऋण लेनदेन गरेको दर्ता किताब,

(छ) बेरुजू एवं सम्परीक्षण किताब,

(ज) व्यक्तिगत खाता,

(झ) सदस्यहरूको व्यक्तिगत बचत खाता,

ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत सहकारी संघ संचालन कार्यविधि २०७९

(ञ) जिन्सी दर्ता किताब,

(ट) आम्दानी, खर्च, सम्पत्ति र दायित्व देखिने खाताहरू,

(ड) संचालक समिति, लेखा समिति र प्रबन्धक, सहप्रबन्धकको तीनपुस्ते विवरण र जायजेथाको प्रमाण देखाउने कागजको प्रतिलिपि,

(ठ) समय-समयमा समितिले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

**१५. कोषको व्यवस्था :**

(१) संघको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :

(क) शेयर लगायत संस्थाले आर्जन गरेका सबै किसिमका आम्दानी,

(ख) स्थानीय, प्रदेश र केन्द्रीय सरकार वा गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान

(ग) विदेशी सरकार वा अन्तरराष्ट्रिय दातृ संघ संस्थाबाट प्राप्त अनुदानको रकम,

(घ) संघले शेयर विक्री गरे बापत प्राप्त रकम र सदस्यता बापत प्राप्त शुल्कहरू ।

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) वमोजिमको कोषको रकम विनियममा व्यवस्था भए बमोजिमको कार्यमा खर्च गरिनेछ।

(३) संघले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाबाट ऋण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम संस्थालाई प्राप्त हुने सबै प्रकारको रकम समितिले निर्णय गरेको कुनै बैंकमा संघको नाममा आवश्यक खाता (चल्ती, बचत, मुद्दती) खोली जम्मा राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको खाताको संचालन समितिको अध्यक्ष र प्रबन्धक, संचालक वा व्यवस्थापकको संयुक्त दस्तखतबाट हुनेछ ।

(६) कोषको सम्पूर्ण जिम्मा खाता संचालकहरूमा रहनेछ। कोषबाट रकम झिक्दा संस्थाको स्वीकृत विनियम बमोजिम स्पष्ट निर्णय भएको कामका लागि हुनु पर्नेछ । रकम चलनमा ल्याउने आधारहरू कानून सम्मत हुनु पर्नेछ ।

(७) संघको सम्पत्ति व्यक्तिगत प्रयोजनमा झिक्न वा प्रयोग गरिएको पाइएमा अख्तियार दुरूपयोग गरेको मानिनेछ ।

**१६. जगेडा कोष :**

संघको जगेडा कोषमा देहाय वमोजिमको रकम रहनेछ :-

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोबारको हिसाव जाँच भएपछि खुद लाभांशबाट छुट्याइएको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) सदस्यता प्रवेश शुल्क,

(ग) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम ।

**१७. खुद बचतको बाँडफाँड :**

(१) खुद लाभांशको पच्चीस प्रतिशत रकम जगेडा कोषमा छुट्याई बाँकी रहन आएको रकमलाई शतप्रतिशत मानी पच्चीस प्रतिशत रकम संरक्षित पूँजीकोष र बाँकी रहन आएको रकमलाई शतप्रतिशत मानी शून्य दशमलव पाँच प्रतिशत रकम सहकारी प्रबर्द्धन कोष र बाँकी रकमलाई शतप्रतिशत मानी देहाय बमोजिमको अन्य कोषहरूमा जम्मा गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | शेयर लाभाँस कोष | ६५ प्रतिशत |
| (ख) | कर्मचारी वोनस कोष | ५ प्रतिशत |
| (ग) | घाटा पूर्ति कोष | ५ प्रतिशत |
| (घ) | सहकारी शिक्षा र तालिम कोष | १० प्रतिशत |
| (ङ) | नगरस्तरीय सामुदायिक विकास कोष | १० प्रतिशत |
| (च) | सदस्य हित कोष | ५ प्रतिशत |

(२) शेयर लाभांश कोषबाट सदस्यहरूलाई लाभांश वितरण गर्दा शेयर पूँजीको अठार प्रतिशत भन्दा बढी हुने गरी वितरण हुनेछैन ।

(३) कर्मचारी बोनस कोषवाट कर्मचारीहरूलाई वोनस वितरण गर्दा तीन महिनाको तलब बरावर भन्दा बढी हुने गरी वितरण हुनेछैन ।

(४) शेयर लााभांश कोष, संरक्षित पूँजीकोष र कर्मचारी बोनस कोषबाट रकम वितरण भई बाँकी हुन आउने रकम जगेडा कोषमा जम्मा हुनेछ ।

**१८. कोषको सुरक्षा :**

(१) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा हुनेछ।

(२) उपदफा (१) मा उल्लेखित अवस्था बाहेक संस्थाको रकम समितिले कुनै वाणिज्य बैंकमा संघको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानुन बमोजिम स्थापित बीमा कम्पनीमा आवश्यकतानुसार सदस्यहरूको शेयर, बचत, ऋण लगानी र व्यवसाय जस्ता रकमको सुरक्षणका लागि बीमा गर्नु पर्नेछ ।

(४) आवश्यकता देखिएमा व्यवस्थापक तथा मुख्य कारोबारी पदाधिकारी, कर्मचारीको चल अचल सम्पत्ति रोक्का तथा निगरानीमा राख्न सकिने छ ।

**१९. कोषको उपयोग :**

जगेडा कोषबाट आर्जित आम्दानी सोही कोषमा जम्मा हुनेछ र अन्य कोषहरूबाट एवं दैनिक कारोबारबाट आर्जित ब्याज वा अन्य रकम आम्दानी मानिनेछ । आर्थिक वर्षको अन्त्यमा लेखापरीक्षण भई देखिएको खुद मुनाफा विनियममा व्यवस्था भए बमोजिमको कोषहरूमा सार्नु पर्नेछ ।

**२०. सदस्यहरूको सूचना पाउने अधिकारः**

संघका कुनै सदस्यले आर्थिक अवस्था र कुनै अमुक कारोबारका वारेमा जानकारी माग गरेमा उपलब्ध गराउनु संचालक र व्यवस्थापकको कर्तव्य हुनेछ । अन्य सदस्यहरूको व्यक्तिगत खाता कानून बमोजिम बाहेक गोप्य राख्नु पर्नेछ । संघको अनुगमन गर्न अख्तियारी पाएको निकाय वा कर्मचारीले संघका सबै कारोबार जाँच गर्दा एवम् थप विवरण माग गरी संस्थाको गतिविधि माथि निगरानी राख्दा संचालक एवं कर्मचारीहरूले सहयोग पुर्‍याउनु पर्नेछ ।

## परिच्छेद - ४

## व्यवस्थापन र लेखापरीक्षण

**२१. व्यवस्थापन :**

(१) समितिले संघको व्यवस्थापन पक्षलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि व्यवस्थापक एवं अन्य कर्मचारीहरूको योग्यता, छनौट, नियुक्ति, तलब निर्धारण र अन्य सुविधाहरू र सरुवा बढुवा सम्बन्धी व्यवस्था संस्थाको प्रशासनिक नियम साधारण सभाबाट अनुमोदन गराई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिले संस्थाको कुनै संचालकलाई प्रबन्धकीय कर्मचारीको रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ ।

(३) व्यवस्थापकको काम, कर्तव्य र अधिकार तोकिय बमोजिम हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत सहकारी संघ संचालन कार्यविधि २०७९

२२. **लेखापरीक्षण सम्बन्धी व्यवस्था :** संघले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र साधारण सभाले नियुक्त गरेका मान्यता प्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ।

## परिच्छेद - ५

## विविध

२३. **शपथ ग्रहण :**

संचालक समिति र लेखा समितिका पदाधिकारीहरूले तोकिए बमोजिम शपथ लिनु पर्नेछ ।

२४. **बाँकी बक्यौता असूल उपर गर्ने :**
सदस्यले संघवाट लिएको सरसामान, कारोबारको बाँकी रकम तथा ऋण चुक्ता नगरेमा बाँकी ऋण रकम, सोमा लाग्ने व्याज र विलम्ब शुल्क समेत निजको घरघराना (जायजेथा) बाट सहकारी कानूनमा तोकिए बमोजिमको कार्यविधि अपनाई संघले असूल उपर गर्नु पर्नेछ । संघले रकम असूल उपर गर्दा लाग्ने वा लागेको सम्पूर्ण खर्चको रकम समेत सम्बन्धित ऋणी सदस्यबाट नै असूल उपर गरिनेछ । असूल उपरको कारबाही गर्दा लिलाम बढाबढबाट उठेको रकम संघको दायित्व फरफारक गरी बाँकी रहन आएको रकम सम्बन्धित सदस्यलाई फिर्ता गरिनेछ ।

२५. **ऋण मिनाहा :**
संघले असुल उपर गर्नुपर्ने ऋण वा अरु कुनै रकम मिनाहा गर्नुपर्दा पर्याप्त कारणहरू सहित संचालक समितिले निर्णय गरी साधारण सभामा स्वीकृतिका लागि पेश गर्न सक्नेछ । साधारण सभामा उपस्थित सदस्यहरूको दुईतिहाई बहुमतको निर्णयवाट मात्र यस्तो निर्णय कार्यान्वयन हुन सक्नेछ ।

२६. **हकवालाको मनोनयन :**

(१) सदस्यहरू नै संस्थाहरू भएको कारण संस्थाको हकवाला स्वयम् संस्था नै हुनेछ। समुहहरूको हकमा कम्तीमा दुईजना संस्थाको सदस्यहरूको रोहबरमा लिखत तयार गरी गर्नु पर्नेछ र त्यस्तो लिखतमा मनोनित गर्ने सदस्य र साक्षीहरू समेतको सहीछाप गरेको हुनुपर्नेछ ।

(२) कुनै सदस्यले उपदफा (१) को अधीनमा रही एकजना भन्दा बढी व्यक्तिहरूलाई मनोनित गरेमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **हक दाबी वा नामसारी :**

(१) कुनै सदस्यको बिघटन भएमा निजको नाममा रहेको शेयर र संघबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको दफा २५ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गर्नु पर्नेछ ।

तर, त्यस्तो हकवाला संस्थाको सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यता बिघटनु भएको मितिले छ महिनाभित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउँ भनी दरखास्त दिन सक्नेछ र संघले सो हकवालाको नाममा नामसारी गरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिघटित वा मृत सदस्य वा प्रतिनिधिको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संघले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिने छ । रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

### २८. निर्वाचन सम्बन्धी व्यवस्थाः

(१) संघको विनियमको अधीनमा रही संचालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्न संचालक समितिले एउटा निर्वाचन समिति गठन गर्नु पर्नेछ ।

(२) समितिले निर्णय गरी तोकेको एक सामाजिक वा बौद्धिक रुपले प्रतिष्ठित स्थानीय निर्वाचन सम्बन्धी ज्ञान र अनुभव भएको व्यक्ति वा सहकारीको क्षेत्रमा अनुभव हासिल गरेको निर्वाचन सम्बन्धी ज्ञान र अनुभव भएको व्यक्तिको संयोजकत्वमा संघको सदस्यहरूमध्ये एकजना सदस्य (निर्वाचनमा उम्मेदवार नहुने) र नगरपालिकाको सहकारी हेर्ने एकजना कर्मचारी प्रतिनिधि रहने गरी जम्मा तीन सदस्य भएको निर्वाचन समिति गठन गर्नेछ । नगरपालिकाले प्रतिनिधि खटाउन नसकेमा वा नखटाएमा सो ठाउँमा रहेका अन्य सरकारी कार्यालयका कर्मचारी वा कानून व्यवसायीलाई सदस्यका रुपमा तोक्नु पर्नेछ ।

(३) निर्वाचन समितिले उपदफा (१) मा उल्लेखित पदाधिकारीहरूको निर्वाचन प्रजातान्त्रिक प्रक्रियाबाट सम्पन्न हुनेछ ।

(४) निर्वाचन समितिले निर्वाचन प्रक्रिया अन्तर्गत प्रकाशन गरेका निर्वाचन कार्यक्रम, सदस्यहरूलाई गरेको सार्वजनिक सूचना, निर्णयहरू, प्रयोगमा ल्याएका विभिन्न कागजात एवं मनोनयन फाराम साथ उम्मेद्वारले पेश गरेका आवश्यक प्रमाणहरू लाहा छाप लगाई सुरक्षित राख्ने जिम्मेवारी नयाँ निर्वाचित संचालकको हुनेछ ।

(५) निर्वाचन समितिले निर्वाचित पदाधिकारीलाई निर्धारित ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र शपथ ग्रहण गराउनेछ ।

(६) निर्वाचन समितिलाई आफ्नो काम सम्पन्न गर्न गराउन समिति र संस्थाको कार्यालय व्यवस्थापनले साधन श्रोत र आवश्यक जनशक्ति उपलब्ध गराउनु पर्नेछ ।

### २९. समितिका सदस्य अवैतनिक हुने :

संचालक समिति एवं अन्य समिति वा उप समितिका पदाधिकारी लगायत सदस्यहरू अवैतनिक हुनेछन् ।

तर संचालक सदस्यमध्ये कसैले प्रबन्धक संचालकका रूपमा कार्य गरी पारिश्रमिक लिन यो दफाले बाधा पुऱ्याएको मानिने छैन ।

### ३०. व्याख्या गर्ने अधिकार :

यस कार्यविधिको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

### ३१. मध्यस्थता सम्बन्धी व्यवस्था :

संघको कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा नगरपालिका, जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघसँग आवश्यकतानुसार मध्यस्थता गरी समस्या समाधानका लागि समितिले अनुरोध गर्न सक्नेछ । संघमा विद्यमान विवाद वा अन्य समस्याहरू सुल्झाउन सम्बन्धित सहकारी कार्यालयले आफैले वा सहकारीका कुनै संघका पदाधिकारी मार्फत् पहल गरेमा संस्थाका सबै सदस्य र सबै पदाधिकारीहरूले सहयोग पुऱ्याउनु पर्नेछ ।

**३२. अविश्वासको प्रस्ताव राख्न सकिने**

(१) साधारण सभाका पच्चीस प्रतिशत सदस्यले समितिको कुनै निर्वाचित सदस्यलाई हटाउनु पर्ने वा समितिलाई विघटन गर्नुपर्ने औचित्य छ भनी साधरणसभामा प्रस्ताव पेश गरेमा अविश्वासको प्रस्ताव ल्याइएको मानिनेछ ।

(२) समितिको कुनै सदस्य प्रति ल्याईएको अविश्वासको प्रस्ताव उपर सो सदस्यले साधारण सभामा उपस्थित भई आफ्नो स्पष्टीकरण र सफाई पेश गर्न पाउनेछ ।

**३३. विनियम संशोधन**

संघको कूल सदस्य संख्यामध्ये कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएको साधारण सभामा दुईतिहाई सदस्यहरूको निर्णयबाट संघले आफ्नो विनियम संशोधन गर्न सक्नेछ । यसरी संशोधन भएको विनियम सहकारी कानून बमोजिम नगरपालिकामा पेश गरी दर्ता अधिकारीबाट स्वीकृति दिएपछि लागू हुनेछ।

**३४. घर जग्गा खरीद**

संघको कार्यालय पसल, सपिङ्ग कम्प्लेक्स कारखाना वा गोदाम, शीत भण्डार, व्यवसायिक खेती वा उत्पादनका कार्यको प्रयोजनका लागि घर जग्गा खरिद गर्दा संस्थाको कोष विश्लेषण अनिवार्य रूपमा गर्नु पर्नेछ । सम्पत्ति खरिद तथा बिक्रीको लागि साधारण सभाको स्वीकृति लिनु पर्नेछ । अनुत्पादक सम्पत्ति खरिद गर्न सदस्यबाट संकलित वचत रकमको प्रयोग गर्न पाईने छैन । साधारण सभामा सदस्यहरूको स्वीकृति लिएर घर जग्गा खरिद गरी संस्थाप्रति जनविश्वास बढाउन छुट्टै कोष सिर्जना गरी खरिद प्रक्रिया अघि बढाउनु पर्नेछ ।

**३५. विविध**

(१) संघको साइनबोर्डमा कर दर्ता नम्बर र दर्ता नम्बर अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

(३) कुनै पनि सदस्य संघको संचालक वा लेखा समितिको पदमा उम्मेद्वार हुँदा सदस्य स्वयंले प्रचलित कानून बमोजिम आफ्नो नाम कालो सूचीमा नपरेको, कर्जा कारोबारमा अनियमित नगरेको, संस्थाबाट लिएको ऋणको भाखा ननाघेको, संस्थामा अन्य तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता नभएको, र संस्थाको स्वीकृत कार्यक्षेत्र भित्र बसोबास गरी रहेको भनी स्व-घोषणापत्रमा सहीछाप गरी मनोनयन पत्रसाथ निर्वाचन समिति समक्ष पेश गर्नु पर्नेछ ।

४) संघको बचत, लगानी तथा सबै सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने सामूहिक जिम्मेवारी संचालकहरूको हुनेछ । यस बारेमा स्पष्ट कार्य विभाजन भएकोमा सोही बमोजिम व्यक्तिगत रूपमा बढी जिम्मेवार ठहऱ्याई कुनै पदाधिकारीलाई थप कारवाही प्रक्रिया चलाउन यस व्यवस्थाले बाधा पऱ्याएको मानिने छैन ।

(५) संघले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गर्ने र ऋण लगानी उपसमितिका पदाधिकारीले आफ्नो सिफारिसको जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(६) संघका सदस्यहरूका बिच संस्थापक सदस्य, शेयर सदस्य र साधारण सदस्य आदि रुपमा वर्गीकरण गरी विभेद गरिने छैन ।

(७) संघले सहकारी मूल्य मान्यता र सिद्धान्तहरूमा आधारित रही आचार संहिता तयार गरी लागू गर्नुपर्नेछ ।

(८) संघको प्रमाण पत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति र नगरपालिकाको नाम र कार्यक्षेत्र समेत खुलाई नेपाली भाषा, देवनागरी लिपिमा साईनबोर्ड लेखी संस्थाको कार्यालयमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

**३६. अमान्य हुने :**

(१) यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्थाहरू सहकारी ऐन, नियम र सहकारीका प्रचलित सिद्धान्तहरूसँग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख नभएका विषयहरूको बारेमा सहकारी ऐन, नियम र सहकारीका प्रचलित सिद्धान्तहरू बमोजिम संघको काम कारबाही संचालन गरिनेछ ।

ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत सहकारी संघ संचालन कार्यविधि २०७९

<u>**आज्ञाले**</u>

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत